महाकुलुङ गाउँपालिकाका श्रद्धेय अध्यक्ष श्री सूर्य बहादुर राईले महाकुलुङ गाउँपालिकाको अठारौं गाउँसभालाई सम्बोधन गर्दै प्रस्तुत गर्नुभएको

# महाकुलुङ गाउँपालिकाको नीति तथा कार्यक्रम

स्थानीय सरकार

महाकुलुङ गाउँपालिका, सोलुखुम्बु ।

२०८३ असार १० गते

महाकुलुङ गाउँपालिका

**महाकुलुङ गाउँसभाका मान्य सदस्य ज्यूहरु,**

१. महाकुलुङ गाउँपालिकाको स्थापना पश्चात स्थानीय तहको दोस्रो निर्वाचनबाट निर्वाचित गाउँसभाको पाचौं वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको महशुस गरेको छु । यो नीति तथा कार्यक्रम समग्र गाउँसभाको मात्र नभई महाकुलुङ गाउँपालिकाको सम्पूर्ण नागरिकको साझा भावना रहेको महशुस गरेको छु ।

२. यस अवसरमा सर्वप्रथम नेपालको राष्ट्रियता रक्षा, विभिन्न राजनीतिक परिवर्तन लगायतका महत्वपूर्ण आन्दोलनमा अमूल्य जीवन गुमाएका ज्ञात अज्ञात सहिदप्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दछु साथै विभिन्न जनआन्दोलनका घाइतेहरु तथा पिडित परिवारलाई सम्मान व्यक्त गर्न चाहन्छु ।

३. यो पाँच वर्षको अवधिमा हाम्रो सरकारले महाकुलुङको जनतालाई विकास र परिवर्तनको सन्देश दिन सफल भएका छौं, यसका निम्ति हामीले पहिलो कार्यकालमा भएका, सुरु गरिएका सबै योजना, आयोजना, विचार र लक्ष्यलाई आत्मसात गरेर अगाडी बढेका छौं । यस कार्यका लागि महाकुलुङ गाउँपालिकाका प्रथम जननिर्वाचित गाउँसभालाई आभार प्रकट गर्दै, मेरो नेतृत्वमा रहनुभएका दोस्रो गाउँसभाका सम्पूर्ण मान्य सदस्य ज्यूहरुलाई एकमूष्ट बधाई तथा धन्यवाद प्रकट गर्न चाहन्छु ।

४. हामीले समृद्ध महाकुलुङको स्पष्ट आधार तयार गरिएको मैले मानेको छु । हाम्रो कार्यकालमा अन्य नियमित विकास कार्यका अलावा मूख्य गरी पाँच वटै वडा कार्यालय भवन निर्माण भई सञ्चालनमा रहेको छ, गाउँपालिकाको प्रशासनिक भवन निर्माण सम्पन्न हुने क्रममा रहेको छ, १५ शैयाको महाकुलुङ आधारभूत अस्पताल सहित स्वास्थ्य संस्थाहरु पाँच वटै वडामा आफ्नै भवनबाट संचालनमा रहेको छन् । प्राकृतिक स्रोत सम्पतिको रुपमा रहेका खोला नदीमा

गाउँपालिकाभरी ३ स्थानमा मोटरेबल पुलको निर्माण सम्पन्न भई संचालनमा रहेका छन् भने तीनवटा मोटरेबल पुलहरु निर्माणका क्रममा रहेका छन् ।

५. माथि उल्लेखित वुँदा गाउँसभामा प्रस्तुत हुने वजेट तथा कार्यक्रममा प्रस्तुत हुनुपर्ने भएता पनि नीति कार्यक्रम प्रस्तुतिका क्रममा खुशी व्यक्त गर्दै अवको नीति तथा कार्यक्रमको आधारका रुपमा प्रस्तुत गरेको छु ।

६. स्थानीय सरकारको अधिकार क्षेत्र तथा कर्तव्यहरु नेपालको संविधानमा नै व्यवस्था गरिएको छ । नेपालको संविधानले नै स्थानीय तहलाई ऐन, नियमावली, कार्यविधी, निर्देशिका लगायतका कानून निर्माण सहित आर्थिक स्रोत वृद्धिको लागि राजस्व संकलनको अधिकार समेत प्रदान गरेको छ ।

७. नेपालको ७५३ स्थानीय तहलाई आफ्नो विकास गर्ने ऐतिहासिक अवसर प्राप्त भएको यो समयमा महाकुलुङ गाउँपलिकाले पनि आफ्नो समृद्धि प्राप्तिको लागि "स्वच्छ, सभ्य र समृद्ध महाकुलुङ" भन्ने मूलमन्त्रका साथ गाउँपालिकाको विकासका सबै क्षेत्रमा समानुपातिक विकासका लागि सकरात्मक प्रयास गर्ने सोँच विकास गरेको छ ।

**मान्य सदस्यज्यूहरु**,

८. नेपाल सरकारको राष्ट्रिय आकंक्षा, कोशी प्रदेश सरकारको नीति, कार्यक्रम र लक्ष्य, दीगो विकास लक्ष्य, गाउँपालिकाले आवधिक योजना मार्फत लिएको "स्वच्छ, सभ्य र समृद्ध महाकुलुङ" को लक्ष्य, साथै स्थानीय आवश्यकतालाई मध्ये नजर राख्दै आर्थिक वर्ष २०८३/८४ का लागि वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

९. आगामी आर्थिक वर्षमा महाकुलुङ गाउँपालिकाको गौरवको आयोजना तथा महत्वाकांक्षी विकास पूर्वाधारको रुपमा रहेका ईन्द्र कुलुङ महाकुलुङ

महाकुलुङ गाउँपालिका

चक्रपथलाई मोटरेबल पुल निर्माण तथा सडकमार्गको विकासबाट बाह्रै महिना संचालन हुने अवस्थालाई अन्तिम चरणमा पुऱ्याइनेछ ।

१०. आगामी आर्थिक वर्षमा गाउँपलिकाको प्रशासनिक भवनको निर्माण सम्पन्न गरी गाउँपालिकाको प्रशासनिक भवनबाट एकद्वार प्रणाली (वन डोर सिस्टम) को विकास गरी एउटा ढोकाबाट प्रवेश गरेपछि सबै कार्य एउटै भवनभित्रबाट प्राप्त हुने व्यवस्था गरिनेछ ।

११. वडा नं. २ र ४ मा सञ्चालित स्वास्थ्य संस्थालाई पनि आधारभूत स्वास्थ्य केन्द्रको रुपमा विकास गरी एचए, अनमि, अहेव तथा सहयोगी सहित ६ जनाको दरवन्दी कायम हुने गरी तयारी गरिनेछ ।

१२. गाउँपालिकाद्वारा सञ्चालित एम्बुलेन्सको भाडामा गर्भवती, ४५ दिन सम्मको सुत्केरी, ज्येष्ठ नागरिक, पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिहरुले विरामी भई वा सुत्केरी भई एम्बुलेन्स प्रयोग गर्न पर्ने अवस्था आएमा पूर्ण रुपमा छुट प्रदान गरिनेछ ।

१३. गाउँपालिकाभित्र समस्याका रुपमा रहेका नसर्ने रोगहरुको अवस्था, प्रवृत्ति, र जोखिम कारक अध्ययन गरिनेछ । मुटु रोग, इण्डोस्कोपी सेवा सहितको विशेषज्ञ घुम्ति स्वास्थ्य शिविर कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१४. स्वास्थ्य सम्बन्धी वीमा, आमा सुरक्षा कार्यक्रम, सुरक्षित आवास सहितको प्रतिक्षालय निर्माण, आयुर्वेद सम्बन्धी कार्यक्रम, पोष्टमार्टम कार्य, CEONC जस्ता कार्यक्रमलाई सुरुवात तथा निरन्तरता दिइनेछ ।

१५. महाकुलुङ गाउँपालिकाका नागरिकलाई गाउँपालिकाबाटै नापी तथा मालपोतको आधारभूत सेवा भूमी प्रशासन शाखाबाट उपलब्ध गराउने आधार तयार गरिनेछ, सम्भव भए सम्म आर्थिक वर्ष २०८३।८४ भित्रै भूमी प्रशासनका सेवा सुरुवाट गरिनेछ ।

महाकुलुङ गाउँपालिका

१६. महाकुलुङ गाउँपालिकामा कर कार्यालयबाट प्रदान गरिने सेवा विस्तार गरी गाउँपालिकाबाटै प्यान नम्बर प्राप्त गर्न सकिने, सानातिना कर सम्बन्धीका कार्य गर्ने गरी तयारी गरिनेछ ।

१७. कृषि तथा पशुसेवाका प्राविधिक सेवालाई गाउँपालिकाबाट पनि विकेन्द्रित गरी वडा वडाबाट संचालन गरिनेछ ।

१८. स्वास्थ्य सेवा, स्थानीय सेवाका विभिन्न शाखा, उपशाखा तथा दरवन्दीहरुको पुनरावलोकन गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी उपयुक्त कर्मचारी व्यवस्थापनको ढाँचाको निर्माण गरिनेछ ।

१९. ६० वर्ष पुरा भएका ज्येष्ठ नागरिक परिचयपत्र बाहक साथै अपाङ्गता परिचयपत्र बाहकलाई लाई महाकुलुङ आधारभुत अस्पतालमा ५० प्रतिशत छुट दिने साथै सबै वडाका स्वास्थ्य संस्थाबाट प्रदान गरिने स्वास्थ्य सेवाका ल्याव टेष्ट र इमर्जेन्सी शूल्कमा ५० प्रतिशत छुटको व्यवस्था गरिनेछ ।

२०. पर्यटन क्षेत्रको विकास तथा प्रचारका लागि साल्पा सिलुछो, पोम्लालुङ, साहुनेछो, वुकुर, केन्पा, मेरा, मुद्धी, सिद्ध, घ्याङखर्क पाँचपोखरी लगायतका साथै अप्पर मुन्दुम ट्रेलको आवश्यक प्रचार र विकास गरिनेछ ।

२१. महाकुलुङ गाउँपालिका र भोजपुर जिल्लाको सिमाना कुलुपोङ्खोमा निर्माण सुरुवात भएको महाकुलुङ प्रवेद्वारको निर्माण सम्पन्न गर्नको लागि आवश्यक अध्ययन गरिनेछ ।

२२. वडा नं. ४ मा जग्गा प्राप्ति भई डिपीआर तथा आईई समेत सम्पन्न भई सकेको प्रिति कुलुङ रंगशाला निर्माणको लागि संघीय र प्रदेश सरकारसँग वजेट माग गर्ने तथा गाउँपालिकाले समेत वजेट विनियोजन गरी निर्माण कार्य अगाडी बढाइनेछ ।

२३. महाकुलुङ एयरपोर्ट, गुदेलको निर्माणको लागि संघीय निकाय तथा सरकारसँग आवश्यक समन्वय गरिनेछ । सम्भाव्यता अध्ययन गरिसकिएको महाकुलुङ

तालको अवधारणालाई सम्भव हुन सक्ने वैकल्पिक अवधारणा र निर्माणको अध्ययन गरिनेछ । यो क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न आवश्यक कदम चालिनेछ ।

२४. महाकुलुङ गाउँपालिकाको दुर दराजको कतिपय क्षेत्रमा मोबाइल फोनको नेटवर्कले काम नगर्ने अवस्था रहेकोले विशेष गरी नेपाल दुर संचार कम्पनी लिमिटेडसँग सहकार्य तथा समन्वय गरी मोबाइल फोन नेटवर्क विस्तारको कार्य गरिनेछ ।

२५. महाकुलुङ गाउँपालिकामा विस्तार गरिएको नेपाल विद्युत प्राधिकरण अन्तर्गतको राष्ट्रिय प्रशारण लाइनको आवश्यक थप व्यवस्थापन तर्फ ध्यान दिइनेछ, यसका लागि नेपाल विद्युत प्राधिकरणसँग आवश्यक समन्वय गरिनेछ । राष्ट्रिय प्रशारण लाइन पुग्न बाँकी रहेका क्षेत्रहरुमा लाइन विस्तारको लागि आवश्यक पहल गरिनेछ ।

२६. महाकुलुङ गाउँपालिकामा वित्तीय सेवा प्रदान गर्ने बैंकको सेवा प्रभावकारिता अभिवृद्धिका लागि सम्बन्धित निकायसँग आवश्यक समन्वय गरिनेछ ।

२७. महाकुलुङ गाउँपालिका र सीमाना जोडिएका स्थानीय तह र जिल्लासँगको सीमाना निर्धारण गर्नको लागि आवश्यक पहल र समन्वय गरिनेछ ।

२८. रोजगार तथा श्रम बजार सम्बन्धमा ३९० घण्टाको उद्यमशिलता तालिम सञ्चालनको सुरुवात गरिनेछ ।

२९. सामाजिक सुधारको रुपमा नवजात शिशु स्वागत कार्यक्रम, मृत्यु संस्कार खर्च सहयोग जस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ । महिला, बालबालिका, दलित, ज्येष्ठ नागरिक, अपाङ्गता भएका, विधवा, एकल महिला लक्षित कार्यक्रमलाई परिमार्जन सहित निरन्तरता दिइनेछ ।

३०. न्यायिक कार्यलाई प्रभावकारी बनाउन विभिन्न क्रियाकलाप संचालन गरिनेछ ।

महाकुलुङ गाउँपालिका

३१. गाउँपालिका अन्तर्गत कार्यरत शिक्षक तथा कर्मचारीलाई प्रोत्साहन गर्न संघीय वजेटले प्रदान गरेको तलव वृद्धिलाई निरन्तरता दिन आवश्यक कार्य गरिनेछ । साथै करार सेवामा कार्यरत कर्मचारीलाई १०% तलव वृद्धि र प्रोत्साहन भत्ताको रुपमा महंगी भत्ता उपलब्ध गराइनेछ । अतिरिक्त समय कार्य गर्ने र दुर्गम वा स्थानीय भत्ता प्राप्त गर्न नसकेका कर्मचारी तथा शिक्षकलाई प्रदान गरिने प्रोत्साहन भत्तालाई निरन्तरता दिइनेछ ।

३२. गाउँपालिकामा हुने सानातिना विवाद तथा पारिवारिक मिलापका लागि मौजुदा कानूनको विषयमा जानकारी दिन कानूनी जानकारी तथा परामर्शका कार्यक्रम संचालन गरिनेछ ।

३३. अपाङ्गता भएका व्यक्तिहरुको वास्तविक तथ्यांक संकलन गरी उचित पुनस्थापन तथा व्यवस्थापनका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ । गाउँपालिका क्षेत्रभित्र सार्वजनिक भौतिक संरचनाहरु निर्माण गर्दा अपाङ्गमैत्री बनाउन विशेष पहल गरिनेछ ।

३४. महाकुलुङ गाउँपालिकामा स्थापित ज्येष्ठ नागरिक हेरचाह केन्द्र र शिशु स्याहार केन्द्र संचालनलाई निरन्तरता प्रदान गरिनेछ । वितरित ज्येष्ठ नागरिक परिचयपत्रको उचित उपयोग गरिनेछ ।

३५. गाउँपालिकाको आफ्नो क्षेत्रभित्रको विभिन्न स्थानको विपद जोखिम नक्सांकन गरी तयार गरिएको विपद प्रतिकार्य योजना वमोजिम विपद प्रतिकार्यको तयारी गरिनेछ । खुला क्षेत्र पहिचान गरी जोखिम न्यूनीकरणका उपायहरु अवलम्बन गरिदै लगिनेछ ।

३६. शिक्षा क्षेत्रमा लगानी नै भोलीका युवामा लगानी भन्ने सोँचलाई आत्मसात गरी शिक्षा क्षेत्रमा गरिने लागनीलाई प्राथमिकतासाथ निरन्तरता दिइनेछ । शिक्षामा भौतिक पूर्वाधार विकास र डिजिटलाइजेसन गरी शिक्षालाई प्रविधीमैत्री बनाइने छ ।

महाकुलुङ गाउँपालिका

३७. सबै सामुदायिक विद्यालयहरु मध्येबाट उत्कृष्ट अध्यापन गराउने, रचनात्मक, लगनशील लगायतका मापदण्डमा आधारित रहेर मुल्याङ्कन गरी प्रधानाध्यपक/शिक्षकलाई प्रोत्साहन गर्न पुरस्कारको व्यवस्थालाई निरन्तरता दिइनेछ । परीक्षाको नतिजाका आधारमा उत्कृष्ट विद्यालय, शिक्षक, विद्यार्थी तथा विद्यालय व्यवस्थापन समितिलाई समेत प्रोत्साहनको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

३८. विद्यालय उमेर समूहका वालवालिकालाई विद्यालयको पहूँचभन्दा बाहिर नराखिने राष्ट्रिय नीतिलाई कार्यान्वयन गर्न आवश्यक पहल गरिनेछ । यसका लागि विद्यालय, अविभावक तथा जनप्रतिनीधि समेतको समन्वयात्मक प्रयासलाई अगाडि बढाइनेछ । विद्यालय शिक्षक अनुदानलाई दरवन्दी थप सहित निरन्तरता दिइनेछ ।

३९. खेलकुदबाट बालबालिकाहरुको शारीरिक र मानसिक विकास हुनुका साथै आत्मविश्वासमा समेत वृद्धि हुने भएकोले राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता तथा अन्य खेलकुद गतिविधिलाई विद्यालयहरुसँगको समन्वय र सहकार्यबाट निरन्तरता दिइनेछ ।

४०. सबै विद्यालयमा अध्ययन गर्ने छात्राहरुको उमेर र अवस्थाको आधारमा स्यानटरी प्याड निःशुल्क वितरण कार्यलाई निरन्तरता दिइने छ ।

४१. प्राविधिक धारको माध्यमिक विद्यालय सञ्चालनबाट उत्पादन भएका जनशक्ति मध्ये उत्कृष्ट विद्यार्थीलाई गाउँपालिका तथा वडामा इन्टर्नशीपको रुपमा राखी जनशक्ति विकास र उपयोग गर्ने नीति अवलम्वन गरिनेछ ।

४२. प्राविधिक शिक्षामा प्राविधिक तथा उच्च शिक्षा अध्ययनका लागि आवश्यक वजेट व्यवस्थापन गरी शिक्षा प्रदान गर्ने र गाउँपालिकाको छात्रवृत्तिमा निश्चित अध्ययन गर्ने विद्यार्थीले गाउँपालिकामा अनिवार्य सेवा गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

४३. कृषि बालीमा लाग्ने रोग किराहरुको रोकथाम तथा निदान र पशु चौपायाहरुमा लाग्ने रोगहरुको उपचारको लागि प्रत्येक वडामा कृषि तथा पशु प्राविधिकको व्यवस्था गरी टोल टोलमा प्राविधिक सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ। कृषकहरुलाई कृषि तथा पशुपालन प्रविधिको बारेमा जानकारी गराउन कृषि तथा पशु प्राविधिकहरुलाई टोल टोलमा परिचालन गरिनेछ ।

४४. बुङ बजार क्षेत्र नजिक निर्माण हुने पशु वधशालालाई थप व्यवस्थित गरिनेछ ।

४५. कृषि तथा पशुपालन गर्ने कृषक, समुह र उद्यमीहरुलाई प्रोत्साहन गर्नका लागि कृषकको क्षमता अभिवृद्धिको लागि पालिका स्तर तथा प्रदेश स्तरको तालिम केन्द्रसंग समन्वय गरी विभिन्न तालिम तथा गोष्ठीहरु सञ्चालन गरिनेछ ।

४६. कृषि प्रदर्शनी लगायतका कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ । प्रविधी हस्तान्तरण, रोगकिरा नियन्त्रणका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

४७. प्रत्येक नागरिकको आवश्यकता तथा अधिकारको रुपमा रहेको शुद्ध खानेपानी वितरणको लागि एक घर एक धारा निर्माणलाई निरन्तरता दिइनेछ ।

४८. गाउँपालिकालाई राजस्वको स्रोत संकलन गरी आर्थिक रुपमा दीगो बनाउने प्रयास स्वरुप गाउँपालिकाको करको दायरा वृद्धि गरिनेछ । पर्यटकीय क्षेत्र, खोला तथा नदीनालाहरुलाई राजस्वको मूख्य श्रोतको रुपमा विकास गर्न पहल गरिनेछ। पालिकाको दिगो आम्दानीको श्रोतहरुको पहिचान गरी करको दायरामा ल्याइने नीति बनाई कार्यान्वयन गरिनेछ । राजश्व संकलन कार्यलाई प्रविधि मैत्री वनाइनेछ ।

४९. गाउँपालिकाका युवाहरुलाई विभिन्न रोजगारमुलक तालिम दिई रोजगारी सृजना गरिनेछ जसबाट गाउँपालिकाको वेरोजगारी न्यूनीकरण गर्न सघाउ पुग्नेछ ।

५०. महाकुलुङ गाउँपालिकामा कार्यक्षेत्र बनाई कार्य गर्ने गैर सरकारी तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थासँग सहकार्य गरी शिक्षा, स्वास्थ्य, पूर्वाधार क्षेत्रमा

लगानी गर्ने नीति सहित लगानी मैत्री वतावरण तयार गरी सम्मान र प्रोत्साहन गरिनेछ ।

५१. स्व-उत्पादनमा आधारित उद्योगलाई प्रोत्साहन गर्न आन्तरिक लगानीकर्ता र बाह्य लगानीकर्ताको लगानी भित्रिने वातावरण तयार गरिनेछ भने यस्ता उद्योगहरुको स्थापना र सञ्चालनका लागि प्रोत्साहन गर्न सहजीकरण गर्नका लागि कर छुट लगायतका सुविधाहरु प्रदान गरिनेछ ।

५२. विकास निर्माणमा गैरसरकारी संस्थाहरुसँग समन्वयका अतिरिक्त अन्तरतह समन्वयलाई विशेष ध्यान दिइनेछ । संघीय तह, प्रदेश तह तथा अन्य स्थानीय तहसँग आवश्यक समन्वय गरी गाउँपालिकाको समग्र विकासमा सह-लगानीको वातावरण तयार पारिनेछ ।

५३. आर्थिक बर्ष २०८३/०८४ का नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४,(संशोधन सहित), अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, गाउँपालिकाका योजना तर्जुमा सम्बन्धी मार्गदर्शन (परिमार्जन सहित) २०७४, चुनावी घोषणा पत्र र यस गाउँपालिकाका बजेटका क्षेत्र तथा सीमाले निर्दिष्ट गरेका योजना तर्जुमा प्रकृयालाई आधार मानिएको छ । संघीय सरकार र प्रदेश सरकारद्वारा प्रस्तुत नीति कार्यक्रम तथा बजेट र जनप्रतिनिधिहरुको छलफल तथा विभिन्न चरणमा पेश गरेका निवेदनहरु साथै गाउँसभा सदस्यहरुबाट स्थानीयहरुसँग संकलन गरिएका मागहरुलाई समेत समावेश गरिएको छ । अघिल्लो आ.व.मा सञ्चालन तथा सम्पन्न हुन नसकेका आयोजनाहरु समेत समेटिएका छन ।

गाउँसभाका मान्य सदस्यज्यूहरु,

५४. आर्थिक वर्ष २०८३/८४ को यस नीति तथा कार्यक्रमले स्थानीय नागरिकको अथाह विकासको चाहनालाई पूर्ण रुपमा सम्वोधन गर्न नसकेपनि गाउँपालिकाको सर्वाङ्गीण विकासमा एक महत्वपूर्ण पाइला हुनेछ भन्नेमा विश्वस्त छु । यो नीति

तथा कार्यक्रम गाउँपलिकाको एक वर्षे मार्गदर्शक तथा गाउँपालिकाको सुनौलो भविष्यको साधन बन्ने आशा गरेको छु । नेपालको राष्ट्रिय लक्ष्य तथा गाउँपालिकाको मूल लक्ष्य प्राप्तिको दिशामा सबै जनप्रतिनिधी, कर्मचारी, तथा गाउँपालिकावासी सबैमा हार्दिक आव्हान गर्दछु । नागरिकको सेवा नै सरकारको पहिलो प्राथमिकता पर्नुपर्छ, नागरिक नै शासनको वास्तविक मालिक हुन् ।

अन्त्यमा,

५५. गाउँपालिकाको नीति तथा कार्यक्रमलाई अक्षरस कार्यान्वयन गर्नमा जनप्रतिनिधी, कर्मचारी, तथा गाउँपालिकाबासी सबैको उत्तिकै योगदान रहनेछ । गाउँपालिकाको समृद्धिको लागि आफ्नो क्षेत्रबाट योगदान दिनुहुने सम्पूर्णमा हार्दिक धन्यवाद व्यक्त गर्दछु। साथै निरन्तर सहयोगको पनि आव्हान गर्दछु ।

धन्यवाद !!

जय महाकुलुङ गाउँपालिका

मिति २०८३ असार १० गते ।

महाकुलुङ गाउँपालिका